बरियारपट्टी गाउँपालिकाको

# गाउँ कार्यपालिकाको कार्यालय, बरियारपट्टी, सिरहा

मधेश, प्रदेश, नेपाल

बाह्रौ गाउँ सभामा प्रस्तुत

आर्थिक बर्ष २०८३/०८४

**बजेट बक्तव्य**

## बरियारपट्टी गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को बार्षिक बजेट, नीति तथा कार्यक्रम

यस ऐतिहासिक गाउँसभाका सभाध्यक्षज्यू, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू, हाम्रो आतिथ्यता स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सुरक्षा निकायका प्रमुखज्यूहरू, विषयगत शाखाका संयोजक तथा प्रमुखज्यूहरू, शैक्षिक संस्थाका प्रमुख तथा शिक्षकवर्ग, सञ्चारकर्मी मित्रहरू, पत्रकार मित्रहरू, राष्ट्रसेवक कर्मचारीहरू, बुद्धिजीवी, समाजसेवी, राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाजका अगुवाहरू तथा यस गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरूमा बरियारपट्टी गाउँपालिकाको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्दछु।

आज म यस गरिमामय गाउँसभा समक्ष बरियारपट्टी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु। यस अवसरमा नेपालको स्वतन्त्रता, राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, सामाजिक न्याय तथा समृद्धिका लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै लोकतान्त्रिक आन्दोलनका अग्रज व्यक्तित्व, घाइते तथा बेपत्ता नागरिक, राष्ट्र निर्माण र सामाजिक रूपान्तरणमा योगदान पुर्‍याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

यस गाउँपालिका क्षेत्रभित्र रहेका पाँचवटै वडाका वडा अध्यक्षज्यूहरू, वडा सदस्यज्यूहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, समाजसेवी, बुद्धिजीवी, कर्मचारीहरू, सामुदायिक संघसंस्थाहरू, विकास साझेदारहरू, सञ्चारकर्मी मित्रहरू तथा गाउँपालिकाको समग्र विकास, सुशासन प्रवर्द्धन र जनसेवा

प्रवाहलाई प्रभावकारी बनाउन निरन्तर सहयोग, सुझाव र सहकार्य गर्नुहुने सम्पूर्ण गाउँपालिकावासी दाजुभाइ तथा दिदीबहिनीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

बरियारपट्टी गाउँपालिकाको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट सम्मानित गाउँसभा मार्फत बरियारपट्टी गाउँपालिकाबासीहरु माझ प्रस्तुत गर्न गई रहँदा समृद्ध नेपाल सुखी नेपाली को राष्ट्रिय आकांक्षामा आधारित हुँदै "बरियारपट्टी गाउँपालिका समृद्धिको मूलआधार :कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगार" भन्ने मुलनाराका साथ समृद्ध बरियारपट्टी सुखी बरियारपट्टी वासीको सपना साकार पार्ने महाअभियान पुरा गर्ने प्रतिवद्दता व्यक्तगर्दछु । साथै, हिजो निर्वाचनका क्रममा आम बरियारपट्टीवासीहरुको सामु गरिएका प्रतिवद्धता, हाम्रा परिकल्पना र जनअपेक्षालाई सफल कार्यान्वयन गर्न हामी दृढ संकल्पित रहेको व्यहोरा अवगत गराउँछु ।

हामीलाई थाहा छ, बरियारपट्टी गाउँपालिकाको समृद्धिसँग जोडिएका बरियारपट्टी गाउँ बासीका चाहानाहरु विभिन्न छन् । हामीलाई यो पनि थाहा छ कि, ती चाहानाहरु क्रमश पुरा हुन्छन् भन्ने बरियारपट्टी बासीको बिश्वासको डोरी हामी जनप्रतिनिधिहरुसँग जोडिएको छ । सीमित श्रोत साधन अवस्थितिका बावजुद पनि बरियारपट्टी गाउँबासीको त्यो बिश्वासको डोरी टुट्न नदिने प्रतिवद्धता पनि यस अवसरमा व्यक्त गर्न चाहान्छु ।

"समृद्ध बरियारपट्टी, सुखी बरियारपट्टी वासी" को साझा लक्ष्य हासिल गर्ने दृढ सङ्कल्पका साथ आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्दछु।

**यस आ.व. २०८३/०८४ को वजेट स्रोत बाँडफाँड गर्दा यस गा.पा.ले देहायका क्षेत्रहरुलाई प्रथमिकतामा राखेको छ ।**

- पूर्वाधार विकास
- सामाजिक विकास
- आर्थिक विकास
- वातावरण तथा विपद् व्यवस्थापन

- संस्थागत विकास, सेवा प्रवाह र सुशासन

**आर्थिक वर्ष २०८३/०८४ का लागि निर्धारित उद्देश्यहरू हासिल गर्न गाउँपालिकाले देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गर्ने नीति लिएको छः**

### १. भौतिक पूर्वाधार विकास

गाउँपालिकाभित्र सञ्चालित हुने सडक, भवन, पुल, कल्भर्ट, नाला तथा अन्य सार्वजनिक पूर्वाधार निर्माण कार्यलाई योजनाबद्ध, गुणस्तरीय, दिगो तथा वातावरणमैत्री बनाइनेछ। निर्माण कार्यमा लागत प्रभावकारिता, गुणस्तर नियन्त्रण तथा समयमै सम्पन्न हुने व्यवस्थालाई विशेष प्राथमिकता दिइनेछ। गाउँपालिकाभित्र निर्माण हुने सडकहरूमा एकरूपता कायम गर्न आवश्यक मापदण्ड तयार गरी सोही अनुसार निर्माण कार्य अगाडि बढाइनेछ। RCC, PCC तथा कालोपत्रे सडक निर्माणलाई प्राथमिकता दिँदै गाउँपालिकालाई क्रमशः धुलो तथा हिलोमुक्त बनाउने नीति अवलम्बन गरिनेछ।

### २. कृषि तथा आर्थिक विकास

कृषि क्षेत्रलाई स्थानीय अर्थतन्त्रको प्रमुख आधारका रूपमा विकास गरिनेछ। सिँचाइ सुविधा विस्तार, निःशुल्क कृषि विद्युत सेवा, उन्नत बीउबिजन वितरण, कृषि यान्त्रिकीकरण तथा आधुनिक प्रविधिको प्रयोगमार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ। व्यावसायिक पशुपालन, मत्स्यपालन तथा तरकारी खेतीलाई प्रोत्साहन गर्दै कृषि उत्पादनको बजारीकरणमा जोड दिइनेछ। कृषि तथा लघु उद्यममार्फत युवाहरूलाई स्वरोजगार तथा रोजगारका अवसर सिर्जना गरिनेछ।

### ३. लक्षित वर्ग उत्थान तथा समावेशी विकास

महिला, बालबालिका, दलित, जनजाति, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा विपन्न वर्गलाई लक्षित गरी सञ्चालन गरिने कार्यक्रमहरूलाई प्राथमिकताका साथ बजेटमा समावेश गरिनेछ। लक्षित वर्गका कार्यक्रमहरू सम्बन्धित समुदायको प्रत्यक्ष सहभागितामा सञ्चालन गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गरिनेछ। महिला सशक्तीकरण, बाल संरक्षण, पोषण सुधार तथा सामाजिक समावेशीकरणलाई विशेष प्राथमिकता प्रदान गरिनेछ।

### ४. शिक्षा क्षेत्र सुधार

शिक्षालाई गुणस्तरीय, व्यवहारिक, प्रविधिमैत्री तथा सीपमूलक बनाउने नीति अवलम्बन गरिनेछ। आधारभूत तहमा स्थानीय पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार, विद्यालय पूर्वाधार विकास, शिक्षक क्षमता अभिवृद्धि तथा छात्रवृत्ति कार्यक्रममार्फत विशेषगरी दलित, विपन्न तथा छात्राहरूको शिक्षामा पहुँच अभिवृद्धि गरिनेछ।

## ५. स्वास्थ्य तथा सामाजिक सुरक्षा

स्वास्थ्य क्षेत्रलाई थप व्यवस्थित, प्रभावकारी तथा नागरिकमैत्री बनाइनेछ। स्वास्थ्य बीमा कार्यक्रम लागू गरी स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गरिनेछ। गर्भवती महिला, ज्येष्ठ नागरिक, दलित तथा विपन्न समुदायलाई लक्षित विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ। गाउँपालिकाभित्र एम्बुलेन्स सेवा सञ्चालन गरी आकस्मिक स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गरिनेछ।

## ६. वन, वातावरण तथा सरसफाइ

हरित तथा स्वच्छ गाउँपालिका निर्माण गर्ने उद्देश्यका साथ वृक्षारोपण अभियानलाई व्यापक बनाइनेछ। निजी तथा सामुदायिक वनको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनलाई प्रोत्साहन गरिनेछ। ऐलानी, पर्ती तथा सार्वजनिक जग्गाको संरक्षण गरी वातावरणीय सन्तुलन कायम राखिनेछ। गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त क्षेत्रका रूपमा विकास गर्न जनसहभागितामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

## ७. सूचना प्रविधि तथा सुशासन

गाउँपालिकाको सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री, छिटोछरितो, पारदर्शी तथा नागरिकमैत्री बनाइनेछ। विभिन्न सफ्टवेयर तथा गाउँपालिका एपमार्फत डिजिटल सेवा विस्तार गरिनेछ। सार्वजनिक सेवामा पारदर्शिता, जवाफदेहिता तथा प्रभावकारिता अभिवृद्धि गर्दै सुशासनलाई संस्थागत गरिनेछ।

## ८. संस्थागत विकास तथा क्षमता अभिवृद्धि

गाउँपालिकाको संस्थागत क्षमता सुदृढीकरण, कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास र सेवा प्रवाहमा दक्षता अभिवृद्धि गरिनेछ। सहकारी संस्था, सामुदायिक संस्था तथा नागरिक समाजसँग सहकार्य गरी विकास कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

## ९. राजस्व परिचालन तथा वित्तीय सुशासन

करको दर यथावत राख्दै करको दायरा विस्तार गरी आन्तरिक राजस्व अभिवृद्धि गरिनेछ। राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाइनेछ। सार्वजनिक खर्चलाई मितव्ययी, नतिजामुखी तथा पारदर्शी बनाउँदै वित्तीय अनुशासन कायम गरिनेछ।

## १०. समन्वय, सहकार्य तथा साझेदारी

गाउँपालिकाको समग्र विकासका लागि संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार, निजी क्षेत्र, सहकारी संस्था तथा नागरिक समाजसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी अभिवृद्धि गरिनेछ। विकास निर्माणका कार्यक्रमहरूमा नागरिक सहभागिता सुनिश्चित गर्दै स्थानीय आवश्यकतामा आधारित योजना कार्यान्वयन गरिनेछ।

## सभाध्यक्ष तथा सदस्यहरु

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय सरकारलाई प्रदान गरिएको एकल अधिकार, संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझा अधिकार अनुसूची ९ मा रहेका अधिकार तथा स्थानीय सरकार संचालन ऐन २०७४ प्रयोग गरि गाउँसभाले हासिल गरेका महत्वपूर्ण उपलब्धिको जगमा तयार गरिएको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

१. नेपालको संविधान वमोजिम स्थानीय गाउँसभाको गठन भए पछि हामी बाह्रौं बजेट तर्जूमाको कममा छौ । संविधानले निर्देशित गरेको समाजावद उन्मुख, आत्मनिर्भर र समृद्ध अर्थतन्त्रको बिकास गर्नु बजेटको मुख्य सिद्धान्त हुनेछ । संविधान बमोजिम स्थानीय तहबाट प्रयोग हुने आर्थिक अधिकारहरु, श्रोत परिचालन र बिकासका जिम्मेवारी पूरा गर्नु यस आर्थिक बर्षको बजेट तर्जूमा गर्दा आत्मसात गरिएकोछ । बिकास र समृद्धि यस बरियारपट्टी गाउँपालिकाको साझा र प्रमुख कार्यसूची हो । सम्पूर्ण स्रोत साधन, सामर्थ्य र प्रयासहरु यसै उद्देश्य प्रप्तितर्फ केन्द्रित गरिनेछ । संविधान, ऐन, कानुनले निर्देश गरेका दायित्वहरु र जनताका आकांक्षाहरुलाई संवोधन गर्न स्रोत साधनको अभाव र कानुनी एवं प्रकृयागत जटीलता देखाई कुनै प्रकारको बिल्मव गर्न पाईने सुबिधा हामीलाई छैन । योजना कार्यान्वयनलाई थप अनुशासित, व्यवस्थित एवं पारदर्शी बनाईनेछ । यस वर्षको बजेटलाई अध्ययन,

योजना निर्माण तथा संस्थागत विकास बर्ष र पूर्वाधार विकासको दृष्टिले खाल्टा खुल्टी मुक्त गाउँपालिका बर्षको रुपमा घोषण गरिनेछ ।

२. जनताले अनुभूती गर्न सक्ने गरी विकासका प्रतिफल प्राप्त हुने खालका रणनीतिकरुपले महत्वपूर्ण र स्थायी संरचना विकास हुने खालका योजना तर्जुमा एवं प्राप्त स्रोतको एकीकृत परिचालन गरी विकासका ठूला एवं वहुबर्षिय आयोजना सञ्चालनमा विशेष जोड दिईनेछ । विनियोजित लगानीको सक्षमतापूर्वक उपयोग हुनेगरी विशेष प्रवन्ध मिलाईनेछ ।

३."एक वडा एक मुल सडक" को अवधारणा अनुरुप बस्तीलाई जोड्ने ग्रामिण सडक सञ्जालको स्तरोन्नती गरी जनताको दैनिक जीबनशैलीलाई परिवर्तन गर्ने गरी यातायात सेवा, बाणिज्य सेवा, उपयोगी सेवा लगायतका सेवाहरुको पुन:निर्माण र पुन:संरचनाका माध्यमबाट आधुनिकीकरण तथा समृद्धिकरण गर्दै लगिनेछ ।

४. सडक पूर्वाधारको बिकासको माधयमबाट आर्थिक - सामाजिक रुपान्तरण गर्ने सवाललाई अभियानको रुपमा संचालन गरिनेछ ।

५. बरियारपट्टी गाउँपालिकामा रिङ्ग रोड निर्माण गर्नको निमित केन्द्र सरकार र प्रदेश सरकार संग पहल गरिनेछ ।

६. गाउँपालिका वडा केन्द्रहरुलाई जोडने सडकहरुलाई प्राथमिकतामा राखिनेछ ।

७. फूटकर र टुक्रे योजनाहरुलाई निरुत्साहित गरी ठुला र प्रभावयोग्य आयोजनाहरुलाई विशेष ंप्राथमिकता दिईनेछ ।

८. अत्यावश्यक एवं उपयोगी सेवाहरुलाई व्यवस्थित गर्दै लैजाने र विकासका ठोस कार्यक्रम मार्फत जनताको आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरण गर्दै लैजाने तर्फ विशेष पहल गरिनेछ ।

९.बरियारपट्टी गाउँपालिकाको योजनावद्ध रुपमा सबै क्षेत्रको सन्तुलित विकासका लागि त्रिवर्षिय विकासयोजना र क्षेत्रगत विकास योजना तर्जुमा गरी लागू गरिनेछ ।

१०. यस क्षेत्रका वासीन्दाको प्रमुख पेशा एवं आय स्रोत नै कृषि हो भन्ने तथ्यलाई मनन् गरी "कृषि क्षेत्रमा टेवा,जनतालाई मेवा" भन्ने अभियान संचालन गरी कृषि क्षेत्रमा सिचाई नि:शुल्क र कृषि बिधुतीकरणतर्फ विशेष ध्यान दिइनेछ ।

११. कृषि खेतीलाई व्यवसायीकरण, बजारीकरण र विस्तारीकरणको लागि आवश्यक पर्ने पूर्वाधारहरु सिंचाई, शितगृह, संकलन गृह र कृषि सञ्जालीकरणको व्यवस्था गरी कृषि क्षेत्रप्रति युवा पुस्ताको आकर्षण बढाउने तर्फ विशेष जोड दिईनेछ ।

१२. गाउँपालिका क्षेत्रभित्र बैंक तथा वित्तिय संस्थाको विकास मार्फत जनतालाई नजिकबाट वित्तिय सेवा, लघु वित्त, लघु कर्जाको सुविधा मार्फत स्वरोजगार एवं पेशाको आधुनिकीकरण र व्यवसायिकरण गर्दै लगिनेछ ।

१३. पशुपालन पंक्षी व्यवसायलाई आधुनिकीकरण र व्यवसायीकरण गर्दै लगिनेछ ।

१४.पूर्वाधार विकास र सामाजिक विकासलाई संगसंगै अगाडी बढाइनेछ । सामाजिक बिकासको नाममा हुने अनुत्पाद खर्चलाई निषेध गरिनेछ ।

१५."शिक्षा नै विकासको मूल आधार हो" भन्ने मान्यताका साथ गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुको स्तरीकरण एवं रोजगार मूलक प्राविधिक शिक्षा प्रदान गर्ने तर्फ विशेष क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१६.संस्थागत र सामुदायिक विद्यालयको बीचमा शैक्षिक आदान प्रदान कार्यक्रम संचालन गरिनेछ । सामुदायिक विद्यालयको पूर्वाधार निर्माणमा सहयोग र गुणस्तर कायम गर्न शैक्षिक अन्तरक्रिया, विपन्न एवं जेहेन्दार विधार्थी छात्रबृति कार्यक्रम, क्षमता अभिवृद्धि कार्यक्रम र बिशेषज्ञ सहितको शैक्षिक गुणस्तर अनुगमन संयन्त्र गठन गरिनेछ ।

१७. युवा बर्गलाई खेदकुदको माध्यमवाट स्वस्थ्य जीवनशैली, सिर्जनात्मक क्षम्ताको बिकास र समाज सुधारतर्फ प्रेरित गर्ने निति लिईनेछ ।

१८.पूर्ण सरसफाईयुक्त क्षेत्र, पूर्ण खोप कार्यक्रम जस्ता मानव स्वास्थ्य सँग प्रत्यक्ष जोडिएका कार्यक्रमहरुलाई अभियानको रुप लिई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । बरियारपट्टी गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्यचौकी एवं स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गरी आकस्मिक र अत्यावश्यक स्वास्थ्य सेवा सञ्चालनको व्यवस्था मिलाईनेछ । आबश्यक औषधीको आपूर्तीको प्रत्याभूती गरिनेछ ।

१९."हम्रो संस्कृति, हाम्रो पहिचान" भन्ने नाराका साथ मठ,मन्दिर,पाटीपौवा देवालय,मस्जिद,इदगाहको उचित व्यवस्थापन र परम्परा एवं संस्कृति प्रवर्द्धन गर्ने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ ।

गाउँपालिकाको बिशिष्ट पहिचान दिने सांकेतिक समृद्धि (Symbolic Prosperity) झल्किने खालका योजना निर्माणमा प्राथमिकता दिइनेछ ।

२०. आयुर्वेद एवं योग संस्कृतिको विकासको माध्यमबाट स्वस्थ्य समाजको निर्माणमा विशेष जोड दिइनेछ

२१. निजि स्वास्थ्य संस्थाहरु, शैक्षिक संस्थाहरु लगायत अन्य संस्थाहरुको प्रभाबकारी अनुगमन र नियमन गरिनेछ । अवैध रुपमा संचालित संस्थाहरु बन्द गराईनेछ ।

२२. खुल्ला दिसामुक्त क्षेत्र घोषण भईसकेको यस गाउँपालिकामा पूर्ण सरसफाई (Post ODF) सम्बन्धी कार्यक्रमहरु ल्याइनेछ । यस सम्बन्धी रणनीतिक योजना निर्माण गरी कार्यक्रमिक रुपमा विविध क्रियाकलापहरु संचालन गर्न विशेष पहल गरिनेछ ।

२३. युवाहरुको चौतर्फी विकासका लागि गाउँपालिकास्तरीय खेलकूद तथा युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२४. समावेशीको नाममा अनियन्त्रित रुपमा वजेट विनियोजन गरी भागवण्डा गर्ने खेलको अन्त्य गरी लक्षित वर्गलाई प्रत्यक्ष लाभ हुने ठोस योजना (Concrete Project Launch ) निर्माण गर्ने नीति लिनेछ ।

२५. समाजका अग्रज सम्मानित ज्येष्ठ नागरिकहरुको भूमिका र योगदानलाई उच्च महत्व दिईनेछ । ज्येष्ठ नागरिकहरुको विविध अवस्था विशेषको अधारमा तथ्यांक व्यवस्थीत गरिनेछ । ज्येष्ठ नागरिकहरुको दिनचर्यालाई सहज र सक्रिय बनाउन "ज्येष्ठ नागरिक : एक वडा एक मिलान केन्द्र" संचालन गरिनेछ ।

२६. ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण शिविर र सहयाता सामग्री वितरण कार्यक्रमहरु क्षेत्रगत रुपमा संचालन गरिनेछ । ८५ बर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुको घरमै स्वास्थ्य परीक्षण (४/४) महिनामा मा गर्ने व्यवस्था मिलाईनेछ ।

२७.लैंगिक हिंसामुक्त समाज निर्माण गर्न कार्ययोजना वनाई कार्यक्रम कार्यान्वयन गरिनेछ । सामाजिक कूरीतिको रुपमा रहेको बालबिवाह, बहुबिबाह, रुढीवाद अन्धविश्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत सचेतिकरण गरिनेछ ।

२८. वातावरणमैत्री गाउँ, बरियारपट्टी गाउँपालिका बनाउन पर्यावरणीय सन्तुलन, वतावरण संरक्षण सम्बन्धी कार्यलाई जोड दिईनेछ । औधोगिक, हस्पिटलजन्य र रासायनिक, प्रदुषण, फोहरको व्यवस्थापन सम्बन्धित पक्षले नै गर्नुपर्ने व्यस्थालाई कडाईका साथ कार्यान्वयण गरिनेछ ।

२९. महिला, आदिवासी जनजाती , दलित , विपन्न एवं अल्पसंख्यक समुदायको लागि व्यवसायिक तालिम मार्फत क्षमता विकास गरिने र प्राप्त ज्ञान सीपलाई व्यवसायीकरण गर्न उपकरण तथा विउँ पूँजीको समेत व्यवस्था गरिनेछ ।

३०. बरियारपट्टी गाउँपालिकालाई Green and Clean Rural Municipalilty को रुपमा स्थापित गर्न विद्यालय उद्यान, सार्वजनिक जमीन तथा सडक किनारमा वृक्षारोपण गर्ने अभियानलाई टोल बिकास एवं समुदायको सहकार्यमा प्रभावकारी कार्यान्वियन गरिनेछ ।

३१. बरियारपट्टी गाउँपालिकालाई आकर्षक एवं पर्यटकीय स्थलको रुपमा बिकास गर्न ऐतिहासिक, पुरातात्विक, मठ मन्दिरको संरक्षण, सम्वर्द्धन एवं संरचना निमार्णको माध्यमवाट पर्यटन प्रवर्द्धन गर्ने निति लिईनेछ ।

३२. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय आकस्मिक कोषको व्यवस्था, गाउँपालिकाको विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयनमा जोड दिई पूर्व सतर्कता र सजगता अपनाईने छ ।

३३. गाउँपालिकाले उठाउने आन्तरिक राजश्व श्रोत तर्फ कर, शुल्क, दस्तुर का दररेट नवढाई सबै करदातालाई समेटी दायरा बढाउने निति लिइएको छ । राजश्व परिचालनमा वडा समिति र टोल बिकास संस्थाहरुलाई परिचालन तथा जिम्मेवार बनाउने नीति लिइनेछ ।

३४. अस्थायी प्रकृतिका हाटबजार, ठेला तथा फुटपाथ व्यवसायलाई उचित व्यवस्थापन र शुल्क संकलन गर्न स्थायी क्लव, टोल बिकास संस्थाको सहकार्यमा वडा तहवाटै व्यवस्थापन गरिनेछ ।

३५. गाउँपालिको स्वामित्व, भोगअधिकार र संरक्षणमा रहेका र संरक्षणमा लिनुपर्ने भवन जग्गा जमिन, एलानी पर्ती, हाटवजार पानी पोखरी तथा अन्य भौतिक सम्पतिको अभिलख अध्यवधिक गरि राजस्व आम्दानी गर्ने माध्यमको रुपमा परिचालन गरिनेछ ।

३६.सार्वजनिक, एलानी, पर्ती एवं बाटोघाटोको लगत लिई निर्धारित सोचका साथ गाउँपालिकास्तरीय समिति बनाई त्यसको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

३७. उपभोक्ता अधिकार गुणस्तर सम्बन्धी जनचेतना अभिवृद्धि गराउने र कालोवजारी नियन्त्रण, नियमित वजार, हाटबजार अनुगमन गर्ने र आवश्यक मापदण्ड बनाई त्यस्तो कार्य गर्नेलाई दण्डित गर्ने निति लिईनेछ ।

३८. "स्थानीय सरकार, जनउत्तरदायी सरकार : बरियारपट्टी गाउँपालिकाको सरोकार" भन्ने नाराका साथ गाउँपालिकालाई प्रविधियुक्त तुल्याउँदै सुचना प्रविधिको प्रयोग एवं वेवसाइट मार्फत आय-व्यय विवरण र काम कारवाही सार्वजनिक गर्ने नीति लिइनेछ ।

३९. सिंचाई सम्बन्धी योजना तर्जुमा गर्दा पक्की संरचना गराउने गरीमात्र स्रोतको परिचालन गर्ने र लाभग्राहीको योगदानका आधारमा आयोजना सञ्चालन गरिनेछ ।

४०. स्थानीय तहवाट प्रभावकारी सेवाप्रवाहको लागि कार्यालयको भौतिक पूवार्धार निर्माण र पदाधिकारी कर्मचारीको क्षमता बिकासमा जोड दिइनेछ ।

४१.गाउँपालिकको नियमित सेवा प्रवाहलाई "मुस्कान सहितको सेवा" (Service with Smile) को नीति लिइनेछ ।

४२. ज्येष्ठ नागरिक एवं एकल महिलालाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ता बैंक माफर्त दिने व्यवस्था मिलाइनेछ ।

४३. सेवाग्राही नागरिकहरुको सहयोग एवं गुनासो व्यवस्थापन गर्न हरेक वडामा एक जना गुनासो सुन्ने प्रतिनिधिको व्यवस्था मिलाईनेछ । साथै गाउँ कार्यपालिकामा समेत गुनासो व्यवस्थापनलाई थप व्यवस्थित वनाईनेछ । सेवाग्राहीहरुको सहयोग र कार्यालयबाट प्रवाह गरिने सेवालाई व्यवस्थित वनाउन जनप्रतिनिधि रहेको (Help Desk) स्थापना गरिनेछ ।

४४. सुशासन, पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन बरियारपट्टी गाउँपालिकाले लिएको समग्र निति र संचालित कार्यक्रम, आयोजनाले पारेको समाजिक प्रभावको लेखाजोखा गर्ने गरि सामाजिक परिक्षण र सवै आयोजना, कार्यक्रमहरुमा सार्वजनिक परीक्षण र वडा क्षेत्रगत रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन गरिनेछ ।

४५. विगतका कमीकमजोरीवाट पाठ सिकी योजना कार्यान्वयनलाई सहजीकरण गर्न  र आवश्यक निर्णय लिन सक्ने एक शक्तिशाली उच्चस्तरीय समस्या समाधान संयन्त्र निर्माण गरिनेछ । विकास कार्यक्रमहरुलाई परिणाममुखी वनाउन नतीजामा आधारित विकास गर्ने परिपाटी अवल्वन गरिनेछ ।

४६.जनउत्तरदायी स्थानीय सरकारको अनुभूती गराउन स्थानीय प्रशासनलाई स्वच्छ, सक्षम र व्यवसायिक बनाउँदै आथिर्क एवं वित्तिय अनुशासनलाई प्रवर्द्धन गरिनेछ ,

४७. विकासको अभियानमा निजी, गैरसरकारी र सहकारी क्षेत्रलाई सक्रिय बनाउन सहभागितामूलक योजना निर्माण र कार्यान्वयनको प्रणाली विकास गरिनेछ ।

४८. महिनाको १ दिनलाई "अध्यक्ष संग गाउँवासी" कार्यक्रम अन्तर्गत वडागत रुपमा क्रमशः गाउँवासीहरु संग सम्वाद र गुनासोको सुनवाई गर्ने कार्यको थालनी गरिनेछ ।

४९. निर्वाचित पदाधिकारीहरुको आचारसंहिता तर्जूमा गरि लागु गरिनेछ ।

५०.समृद्ध गाउँपालिका निर्माणका लागि सार्वजनिक, निजी, सहकारी क्षेत्रको भुमिकालाई अझ प्रभावकारी वनाइनेछ ।

५१. राजश्व प्रशासनमा गर्दै आएको सुधारलाई निरन्तरता दिईनेछ । बजेट विनियोजनको दक्षता र खर्च गर्ने क्षमता लाई अभिवृद्धि गरिनेछ । खरिद प्रकृयालाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ ।

५२. सेवा प्रवाहमा उच्चतम प्रविधिको प्रयोग गरी कागज विहिन कार्यालय (Paper less Office) को रुपमा विकास गदै जाने निति अवलम्वन गरिनेछ ।

५३. सुरक्षाको लागि साथै वडा कार्यालयलाई अझै व्यवस्थि गर्न प्रत्येक वडाको वडा कार्यालयमा जडान भएको CCTV क्यामरा लाई मर्मत गरी व्यवस्थापन गरिनेछ ।

५४. राजस्व संकल्न गर्ने लगायत, सूचना प्रवाहको लागि प्रत्येक वडामा Software संचालनमा ल्याउने ।

५५. आर्थिक वर्षको अन्तयमा आएर आयोजना स्वीकृत गरी कार्यान्वयन गर्ने प्रथाको अन्तय गरिनेछ । आर्थिक वर्ष २०८३/२०८४ को चैत्र महिना भित्र स्वीकृत आयोजनाहरुको सम्झौता गरि सक्ने र जेष्ठ महिना भरिमा कार्य सम्पन्न गरि सक्नु पर्ने नीति अबलम्वन गरिनेछ ।

५६. "हामीले तिरेको कर, गाउँपालिका विकासको लागि हो" भन्ने आम कर दातालाई महसुस हुने गरी सेवा प्रवाह गरिनेछ ।

५७. करको दायरामा नआएका करदातालाई करको दायरामा ल्याउन अभियान संचालन गरिनेछ । बार्षिक रुपमा नियमित र अधिकतम कर बुझाउने करदातालाई सम्मान एवं पुरस्कृत गरिने नीति लिईनेछ ।

५८. आर्थिक कार्यप्रणालीलाई चुस्त र दुरुस्त वनाई वित्तिय सुशासन कायम गर्नेछ ।

५९. आन्तरिक श्रोतको परिचालनबाट गाउँपालिकाको वित्तिय सवलीकरण र आर्थिक स्थायित्व कायम गरिनुका साथै गाउँपालिकाको वित्तिय पक्षलाई समग्र आर्थिक समृद्धिको मूल अधार बनाईनेछ ।

६०. सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरि विधुतीय शासन (E- Governance) लाई तिव्रता दिईनेछ । कम्प्युटर प्रविधि तथा इन्टरनेटमा आधारित सेवा (Online Service) लाई थप प्रभावकारी बनाउने नीति लिईनेछ ।

६१. गाउँवासीहरुको राय सुझाव संकलन, गुनासो, व्यवस्थापन र जवाफदेहिता वहन गर्नकालागि हेल्प डेस्कको व्यवस्था गरिनेछ ।

६२. नागरिकको सुचनाको हकलाई उच्च समान गर्दै सम्पूर्ण कार्यालयहरु सूचना मैत्री बनाईनेछ ।

६३. आदरनीय नागरिकहरुलाई सेवा तथा सूचना दिने प्रयोजनको लागि गा.पा.ले मोवाईल एप संचालनमा ल्याई सेवा प्रवाहलाई थप प्रभावकारी वनाईनेछ ।

६४. पारदर्शिता एवं सुशसनकालागि गाउँपालिका संग सम्बन्धीत सूचनाहरुलाई ICT माध्यमबाट सार्वजनिकिकरण गरिनेछ । साथै जनप्रतिनिधि र कर्मचारीहरुलाई कम्प्युटर तालिम प्रदान गरी सवै वडामा सफ्टवेयर जडान गरी आर्थिक कारोवार सहित कम्प्युटर मार्फत सेवा प्रदान गरिनेछ ।

६५. कृषकहरुको लागि आर्थिक उन्नति तथा उचित मूल्य प्राप्तिकालागि Cold Store निर्माण गर्न प्रदेश सरकारलाई पहल गरिनेछ ।

६६. कृषकहरुलाई निःशुल्क बिद्युत सिचाईको व्यवस्थालाई निरन्तरता दिने ।

६७. बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि तयार गरि कार्यान्वयन गर्ने छ ।

६८. स्थानीय तहका विद्यालय, स्वास्थ्य संस्था लगायतका स्थानहरुमा गुनासो सुनुवाइ संयन्त्रको स्थापना गर्ने ।

६९. गाउँपालिकाको प्रशासनिक भवन तथा १५ शय्याको अस्पताल भवन निर्माणका लागि आवश्यक अध्ययन, डिजाइन तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी निर्माण कार्य चरणबद्ध रूपमा अगाडि बढाइनेछ ।

७०. युवाहरूको क्षमता अभिवृद्धि तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने उद्देश्यले लोक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ ।

७१. प्रविणता तह तथा स्नातक तहमा अध्ययनरत दलित तथा विपन्न परिवारका जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षामा पहुँच सुनिश्चित गर्न ५० प्रतिशत छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

७२. दलित तथा विपन्न परिवारको आयआर्जन वृद्धि, रोजगारी सिर्जना तथा कृषि उत्पादनमा वृद्धि गर्न करार खेती कार्यक्रम सञ्चालन गरिनेछ ।

७३. पालिकाभित्र दक्ष तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने उद्देश्यले ५ जना मेडिकल अधिकृत, १० जना शाखा अधिकृत, १० जना इन्जिनियर, १० जना प्रहरी निरीक्षक तथा २५ जना विभिन्न तहका शिक्षकलगायतका प्राविधिक एवं प्रशासनिक जनशक्ति उत्पादनमा प्रोत्साहन गर्ने छात्रवृत्ति, कोचिङ, मार्गदर्शन तथा अन्य शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

७४. घुम्ती ग्रामीण प्रसूति तथा अल्ट्रासाउण्ड सेवा सबै स्वास्थ्य संस्थाहरूमा विस्तार गरिनेछ ।

७५. सबै बालबालिकालाई पूर्ण खोप सुनिश्चित गर्न ५ वर्षमुनिका बालबालिकालाई लक्षित घरदैलो खोप अभियान सञ्चालन गरिनेछ ।

७६. आमा समूहलाई सक्रिय बनाई पोषण, सरसफाइ तथा बाल स्वास्थ्य व्यवहार परिवर्तन अभियान सञ्चालन गरिनेछ ।

७७. कुपोषण न्यूनीकरणका लागि समुदायस्तरमा Growth Monitoring तथा Nutrition counselling कार्यक्रम विस्तार गरिनेछ ।

७८. विद्यालय तहबाटै पोषण, सरसफाइ, मानसिक स्वास्थ्य तथा प्रजनन स्वास्थ्यसम्बन्धी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

७९. किशोर-किशोरीमैत्री स्वास्थ्य सेवा (Adolescent Friendly Service) विस्तार गरिनेछ।

८०. मानसिक स्वास्थ्य समस्या पहिचान तथा परामर्श सेवा प्राथमिक स्वास्थ्य संस्थामार्फत विस्तार गरिनेछ।

८१. गाउँपालिका भित्रका निजी स्वास्थ्य संस्था, फार्मेसी, प्रयोगशाला तथा क्लिनिकहरूको नियमित अनुगमन र नियमन गरिनेछ साथै दर्ता नभएका वा मापदण्ड विपरीत सञ्चालनमा रहेका संस्थाहरूलाई कानुनी कारबाही सहित बन्द गरिनेछ।

८२. २०८३/०८४ मा स्था.चौ. बरियारपट्टी लाई पोषण मैत्री स्था. संस्था घोषण गरिनेछ।

८३. नेपाल सरकार, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको लागत साझेदारीमा 'स्वच्छ चुलो कार्यक्रम (CCS) अन्तर्गत आवश्यक बजेट विनियोजन गरी लक्षित घरधुरीहरूमा विद्युतीय तथा आधुनिक चुलो प्रवर्द्धन, जनचेतना अभिवृद्धि र स्थानीय सीप विकासका कार्यक्रमहरू सञ्चालन मार्फत दिगो ऊर्जा पहुँच, जनस्वास्थ्य सुधार र वातावरण संरक्षणमा योगदान पुर्‍याइनेछ।

**अध्यक्ष महोदय,**

उल्लेखित नीति तथा कार्यक्रमको अधीनमा रही बिनियोजित बजेट अन्तर्गत देहाय बमोजिमका केही महत्वपूर्ण योजना तथा कार्यक्रममा बजेट व्यवस्थापन गरी तत्काल कार्यान्वयन प्रक्रिया बढाई समृद्ध, समुन्नत गाउँ बनाउने तर्फ समग्र गाउँपालिकाको ध्यान केन्द्रित रहेको व्यहोरा अनुरोध गर्दछु।

मूलत :यस बर्षलाई अध्ययन अनुसन्धान, योजना निर्माण तथा संस्थागत बिकास बर्ष र पूर्वाधार बिकासको दृष्टिले खाल्टा खुल्टी मुक्त ग्राभलिङ्ग युक्त गाउँपालिका बर्षको रुपमा उच्च प्राथमिकता दिई कार्यक्रमहरु त्यस तर्फ केन्द्रित गरिएको छ।

**आदरणीय अध्यक्ष महोदय,**

अब म अगामी आर्थिक बर्ष २०८३/०८४ को निम्ति विनियोजन विधेयकद्धारा पारित गाउँपालिकाको संचित कोषबाट व्ययभार हुने मुख्य-मुख्य खर्चका शीर्षकहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

गाउँपालिकाको संचित कोषबाट व्यभार हुने गरी चालु खर्च तर्फ रकम रु.३० करोड २८ लाख २ हजार र पुँजिगत २६ करोड ७२ लाख ८० हजार २ सय सतासी मात्र कूल जम्मा रु. ५७ करोड ८२ हजार २ सय सतासी मात्रको अनुमानित बजेट प्रस्तुत गरिएको छु ।

कुल चालु तथा पूंजिगत तर्फ विनियोजित रकम मध्ये वडा तर्फ चालु खर्च  र पुंजिगत खर्च तर्फ रु. १ करोड मात्र विनियोजन गरिएको छु । त्यस्तै, शिक्षा शाखा तर्फ रु. १ करोड मात्र, स्वास्थ्य शाखा तर्फ रु.५० लाख मात्र, कृषि विकास शाखा तर्फ रु. ३० लाख मात्र, विपद् व्यवस्थापन शाखा तर्फ १० लाख मात्र, पशु सेवा शाखा तर्फ रु. १५ लाख मात्र, गा.पा. को आर्थिक विकास तर्फ, समाजिक विकास तर्फ, पुर्वाधार विकास र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र, कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ कुल बजेट रकम रु. १९ करोड ८६ लाख ६५ हजार २ सय सतासी मात्र, आर्थिक बर्ष २०८२।०८३ मा दायित्व सृजना भएको योजना तथा कार्यक्रम तर्फ रु. १४ करोड १७ हजार मात्र, बिषयगत शाखा तर्फ चालु र पुँजिगत ससर्त अनुदान बाट रु. १८ करोड ३३ लाख मात्र विनियोजन गरिएको छु ।  संघीय सरकारको पुँजिगत बिशेष अनुदान  ६८ लाख र समपुरक अनुदान १ करोड ८ लाख मात्र गरि जम्मा रकम रु. १ करोड ७६ लाख  मात्र पुर्वाधार विकास तर्फ विनियोजन गरेको छ ।

साथै, प्रस्तुत आर्थिक विधेयक बमोजिम आन्तरिक श्रोत तर्फ अनुमानित रु. २ करोड ५० लाख मात्र, नेपाल सरकारबाट वित्तिय समानिकरण अनुदान तर्फ रु. ९ करोड २४ लाख, नेपाल सरकारबाट विषयगत शाखाको सर्शत अनुदान चालु र पुँजिगत तर्फ रु. १८ करोड ३३ लाख मात्र, संघीय सरकारको बिशेष अनुदान ६८ लाख मात्र, संघीय सरकारको समपुरक अनुदान १ करोड ८ लाख मात्र मात्र संघीय सरकारको राजश्व वाडफाडबाट रु. ८ करोड ८४ लाख २६ हजार मात्र प्रदेश सरकार वित्तिय समानिकरण अनुदान तर्फ रु ६३ लाख १६ हजार, प्रदेश सरकारको राजस्व वाँडफाड रु. ४४ लाख २३ हजार मात्र, प्रदेश सरकारको शसर्त अनुदान २५ लाख, बिशेष अनुदान २५ लाख मात्र, बैंक मौज्दात १४ करोड ७६ लाख १७ हजार २ सय सतासी मात्र अनुमान गरिएको छु । आय हुने अनुमान गरी कूल रु. ५७ करोड ८२ हजार २ सय सतासी मात्रको अनुमानित बजेट प्रस्तुत गरिएको छु ।

उल्लेखित आय लक्ष्य प्राप्तिका लागि गाउँकार्यपालिकाबाट निर्णय गरिएका कर, शुल्क, दस्तुर उठाउन राजश्व प्रशासनलाई प्रविधि मैत्री बनाउनुका साथै वडा तहमै राजश्व संकलन गर्ने गरी प्रस्ताब गरिएको छ भने स्वीकृत आयोजना,कार्यक्रमहरुलाई यथासमयमै सम्पन्न गर्न विशेष संयन्त्र निर्माण गरिनेछ ।

**आदरणीय अध्यक्ष महोदय,**

बरियारपट्टी गाउँपालिकाको प्रस्तुत बजेट, नीति तथा कार्यक्रमले असीमित जनचाहना र अपेक्षालाई उपलब्ध साधन स्रोतको सीमाले सम्बोधन गर्न अवश्य सकिएको छैन । बिकास एक निरन्तर प्रकृया पनि हो, त्यसैले क्रमशः स्थानीय आवश्यकता, जनचाहना र अपेक्षालाई सम्बोधन गर्दै लगिनेछ । बजेट, नीति तथा कार्यक्रमले लिएको लक्ष्य प्राप्तिका लागि हाम्रो एक्लो प्रयास प्रयाप्त हुदैन । यसको सफल कार्यान्वयनको लागि संघीय सरकार, प्रदेश सरकार, दातृ निकाय क्रियाशील राजनैतिक दल, संघ संस्था, नागरिक समाज, यस क्षेत्रका जन प्रतिनिधि ज्यूहरु र आम गाउँपालिका बासी दाजु भाई तथा दिदी बहिनीहरुको सामुहिक प्रयास, साथ सहयोग र सहकार्य सदाझैं प्राप्त हुनेछ र यस बरियारपट्टी गाउँपालिकाले परिकल्पना गरेको स्वच्छ, सुन्दर र समृद्ध बरियारपट्टी गाउँपालिका वनाउने पहलकदमीमा अर्को इँटा थपिनेछ ।

अन्त्यमा, प्रस्तुत बजेट, नीति तथा कार्यक्रमले “पूर्वाधारमा लगानी, विकासको विहानी” को परिकल्पनालाई सार्थक वनाउन, प्रस्तावित पूर्वाधार निर्माण, आर्थिक, सामाजिक अभियानहरु संचालनबाट उपलब्धी हासिल गरी एक समृद्ध गाउँपालिकाको अवस्थामा पुऱ्याउने प्रयास सार्थक पार्ने विश्वास लिएको छु ।

यस बजेट, नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सरकारी तथा गैर सरकारी कर्यालय, व्यावसायिक एवं वित्तिय संघसंस्थाहरु, आम संचार जगत, जागरुक गाउँवासी, महानुभावहरु सवैको सहयोगको अपेक्षा गरेको छु ।

बार्षिक नीति तथा कार्यक्रम तर्जूमा गर्न सहयोग पुऱ्याउने सहकर्मी निर्वाचित जनप्रतिनिधिहरु, राजनैतिक दल, राजश्व परामर्श समिति, बार्षिक नीति तथा कार्यक्रम तर्जूमा समिति, स्रोत अनुमान समिति, बिषयगत कार्यदल, नागरिक सचेतना केन्द्र, सामुदायिक संघसंस्थाहरु, संचारकर्मी मित्रहरु, वाल संजाल, सम्पूर्ण गाउँपालिका बासीहरु र यस बरियारपट्टी गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !!**

**ममता कुमारी यादव**
**उपाध्यक्ष**
**एंव योजना तथा बजेट तर्जुमा समिति**